नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## आर्थिक प्रशासन शाखा

सिंहदरवार, काठमाण्डौ

फोन नं. (९७७)- ४२००३१८ Ext-164
Email Address:- account. Section@mofaga.gov.np

प.सं. आ.प्र. २०८०।८१
च.नं. 260

मितिः- २०८०/१२/१५

श्री नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, ललितपुर
श्री आदिबासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान, ललितपुर
श्री स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, ललितपुर
श्री प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम, काठमाडौ
श्री निजामती कर्मचारी अस्पताल विकास समिति, काठमाडौ
श्री जिल्ला समन्वय समितिको कार्यालय (सबै) ।

विषयः- **बेरुजु फछ्र्यौट कार्ययोजना पठाइएको** ।

नेपाल सरकारका सचिव वैठकको मिति २०८०/१०/०८ को निर्णयबाट बेरुजु फछ्र्यौटलाई उच्च प्राथमिकतामा राख्ने भनि निर्देशन प्राप्त भएको छ । सो अनुरुप हुने गरि यस मन्त्रालयको आर्थिक वर्ष २०८०/८१ मा गर्नुपर्ने बेरुजु फछ्र्यौटको कार्ययोजना तयार गरि मिति २०८०/१२/१४मा स्वीकृत भएकोले उक्त कार्ययोजनाको कार्यान्वयन गरी बेरुजु फछ्र्यौटलाई उच्च प्राथमिकतामा राखि कार्य गर्नुहुन आदेशानुसार अनुरोध छ।

.........................
रोमाकान्त काफ्ले
उपसचिव(लेखा)

रोमाकान्त काफ्ले
उपसचिव (लेखा)

बोधार्थः-
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,
सिंहदरवार, काठमाडौ ।
श्री सङ्घीय संसद सार्वजनिक लेखा समिति,
सिंहदरवार, काठमाडौ ।
श्री बेरुजु फछ्र्यौट अनुगमन समिति,
सिंहदरवार, काठमाडौ ।
श्री महालेखापरीक्षकको कार्यालय,
अनामनगर, काठमाडौ ।
श्री कुमारी चोक तथा केन्द्रीय तहसील कार्यालय,
बबरमहल , काठमाडौ ।
श्री सूचना प्रविधि शाखा,
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः- मन्त्रालयको Website मा राखिदिनु हुनु अनुरोध छ।
सिंहदरवार, काठमाडौ ।

# आर्थिक वर्ष २०८०/८१ को बेरुजु फछ्यौंट कार्ययोजना ।

आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व ऐन, २०७६ अनुसार प्रचलित कानून बमोजिम पुऱ्याउनु पर्ने रित नपुऱ्याई कारोबार गरेको वा राख्नु पर्ने लेखा नराखेको तथा अनियमित वा वेमनासिव तरिकाले आर्थिक कारोवार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याइएको कारोबारलाई बेरुजु भनेर परिभाषित गरिएको छ । आर्थिक कारोवार गर्दा विधि सम्मत तवरबाट खर्च हुनु अनिवार्य हुन्छ ।

बेरुजु वढ्दै जानु संगठनात्मक प्रभावकारिताका दृष्टिले र आर्थिक अनुशासनका दृष्टिले पनि उपयुक्त अवस्था होइन । बेरुजु वढ्दा सार्वजनिक श्रोत परिचालनमा दक्षताको कमिका साथै विधिको पालना नहुने अवस्था समेत रहन्छ। प्रस्तुत परिप्रेक्ष्यमा मन्त्रालयले बेरुजु न्यूनिकरणको साथै बेरुजु फछ्यौटमा तीव्रता ल्याउने प्रयास गरिरहेको छ । बेरुजु फछ्यौटको कार्यलाई सार्थक र परिणाममूलक बनाउन आर्थिक वर्ष २०८०/८१ को निमित्त बेरुजु फछ्यौट गर्ने लक्ष्य निर्धारण गर्नुका अतिरिक्त कुल लेखापरीक्षण रकमको निश्चित प्रतिशत भन्दा वढी बेरुजु हुन नहुने गरी लक्ष्य निर्धारण गरिएको छ ।

१. **बेरुजुको अवस्था :- मन्त्रालय र अन्तर्गतका निकाय तथा समितिहरुको नाममा कायम रहेको आर्थिक बर्ष २०८०/०८१ मा देहाय बमोजिमको बेरुजु फछ्यौंट गर्नुपर्ने अवस्था रहेको छ ।** (रु. हजारमा)

| आर्थिक बर्ष | निकाय | पेश्की बेरुजु | नियमित गर्नुपर्ने | असूलउपर गर्नुपर्ने | फर्छयौट | जम्मा |
|---|---|---|---|---|---|---|
| २०५९/०६० सम्मको | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ० | ८४ | २१३४३ | ० | २१४२७ |
| | जिल्ला समन्वय समितिको कार्यालयहरु | ११८५९४ | ३३६४२८ | ३१५९७४८ | १२६७ | ३६१३५०३ |
| २०६०/६१ देखि २०७७/७८ सम्मको | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | १८९२९ | ५२४७९१ | ५४८३ | ० | ५४९२०३ |
| | प्रदेश तथा स्थानीय सहयोग कार्यक्रम | ६६७ | २८४८ | ५७२ | ० | ४०८७ |
| | जिल्ला समन्वय समितिको कार्यालयहरु | ७४६७७५७ | ३८३१२९७ | ८४०८१० | ० | १२१३९८६१ |

[signature] ...मकान्त काफ्ले ... (लेखा)

[signature] विनोद प्रकाश सिंह सचिव

| आर्थिक बर्ष | निकाय | पेश्की बेरुजु | नियमित गर्नुपर्ने | असूलउपर गर्नुपर्ने | फर्छ्यौट | जम्मा |
|---|---|---|---|---|---|---|
| २०७८/०७९ को मात्र | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ० | ७५७२ | ७२३ | ० | ८२९५ |
| | प्रदेश तथा स्थानीय सहयोग कार्यक्रम | १६५० | ० | १८ | ० | १६६८ |
| | जिल्ला समन्वय समितिको कार्यालयहरु | ६६६३ | १०५५७३ | ३३७६९ | ० | १४६००५ |
| शुरुदेखि हालसम्मको | समितिहरुतर्फ | ५७९८१२ | २२६८४० | ३५६७८१ | ० | ११६३४३३ |
| कुलजम्मा | सबै निकाय | ८१९४०७२ | ५०३५४३० | ४४१७९८० | १२६७ | १७६४७४८२ |

२. <u>आ.ब २०८०/८१ मा बेरुजु फछ्यौट गर्ने र बेरुजु न्यून राख्ने पर्ने लक्ष्य-</u>

क. मन्त्रालय मातहत रहेका विभाग/आयोजना/कार्यालयहरु तथा समितिहरु क्रियाशिल रही लेखा, लेखापरीक्षण र बेरुजु फछ्यौंटमा जवाफदेही हुनुपर्दछ ।यस्ता निकायले आफ्नो नाममा कायम भएको बेरुजुको न्यूनतम ५० प्रतिशत फछ्यौंट गर्नुपर्दछ ।

ख. मातहत/विभाग/आयोजना कार्यालय तथा समितिहरुले नियमित गर्नुपर्ने, असुल उपर गर्नुपर्ने तथा पेश्की फछ्यौंट गर्नुपर्ने बेरुजुको बर्गिकरण गरी अद्यावधिक राख्ने ।

ग. आन्तरिक लेखापरीक्षण प्रतिवेदनले औंल्याइएका विषयहरु तुरुन्त सुधार गरी अन्तिम लेखापरीक्षणमा सोही विषय नदोहोरिने सुनिश्चित गर्ने ।

घ. महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण हुँदाका बखत आवश्यक कागजात र प्रमाण उपलब्ध गराउने साथै उक्त समयमा कार्यालय प्रमुख र आर्थिक प्रशासन प्रमुख अनिवार्य रुपमा उपस्थित हुने ।

३. <u>बेरुजू फछ्यौंटको लागि देहाय अनुसार छुट्टा छुट्टै लक्ष्य निर्धारण गरीएको छः-</u>

क. आ.व. २०५९/६० सम्मको पुरानो बेरुजूको लगत नेपाल सरकारको मिति २०६९/०६/११ को मन्त्रिपरिषदको निर्णयले कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयमा भएकोले सो कार्यालयबाट

रामकान्त काफ्ले
उपसचिव (लेखा)

विनोद प्रकाश सिंह
सचिव

फछर्यौटको जानकारी प्राप्त भएपछि फछर्यौट रकम प्रगतिमा समावेश गर्ने । सो बेरुजू फछर्यौट गर्दा निम्न कुरामा ध्यान पुर्‍याउनु पर्नेछः-

- असुल उपर गर्नुपर्ने, सरकारी हानी नोक्सानी र मस्यौट भएकोलाई आवश्यक कारवाही गरी अन्तिम टुङ्गो लगाई फछर्यौट गर्ने गराउने ।
- सरकारी हानी नोक्सानी र मस्यौट भएको बाहेक अन्य विषयमा प्रचलित कानून बमोजिम सम्बन्धित मन्त्रलायका सचिव वा अधिकार प्राप्त अधिकारीबाट बेरुजू फछर्यौट गराई लगत कट्टाको लागि कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयमा पठाउने ।
- चालु आर्थिक वर्ष भित्र आ.ब. २०५९/६० सम्मको बेरुजू शून्य बनाउनु पर्ने ।

४. <u>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को</u> **नियम १११ को उप नियम (५) अनुसार** रु. ५ लाख सम्मको बेरुजू सम्वन्धित मन्त्रालयको सचिवले मिनाहा गर्न सक्ने र रु. ५ लाख भन्दा वढी १०लाख सम्म मिनाहा समितिले र १० लाख भन्दा बढी रकमको हकमा सो समितिको सिफारिशमा नेपाल सरकार समक्ष पेश गर्ने व्यवस्था मिलाउने ।

- श्रेस्ता प्रमाण फेला नपरेका वा प्रमाण प्राप्त हुन नसक्ने प्रकृतिका बेरुजू आवश्यक कागजात र स्पष्ट कारण सहित मन्त्रालयको निर्णयसाथ मिनाहा समितिमा सिफारिशको निमित्त पेश गर्ने ।
- समय समयमा निश्चित कार्य र अवधिको लागि गठन भएको तर हाल अस्तित्वमा नरहेको आयोग/ समिति तर्फको प्रयास गर्दा पनि प्रमाण जुटाउने नसक्ने प्रकारका बेरुजूहरु ।
- विस्फोट, आगजनी त्यस्तै काण्डमा परी लेखा/ श्रेस्ता पेश हुन नसकेको बेरुजूहरु ।
- लेखा वा श्रेस्ता पेश हुन नसकेको ज्यादै पुरानो बेरुजू सम्वन्धमा पनि हाल पेश गर्न सकिने भएमा सो यथेष्ट कारण खोली सिफारिश भई आएको बेरुजूहरु ।

रोमाकान्त काफ्ले
उपसचिव (लेखा)

विनोद प्रकाश सिंह
सचिव

५. बेरुजू फछ्र्यौटको लक्ष्य प्राप्तिको लागि निम्नानुसारका उपाय अवलम्बन गर्नेः-

क. आ.व. २०६०/६१ देखि २०७७/७८ सम्मको कम्तीमा ४० प्रतिशत भन्दा माथि फछ्र्यौट गर्ने प्रयास गर्ने ।

ख. आ.व. २०७९/८० को श्रेस्ता लेखापरीक्षणबाट कायम भएको नयाँ बेरुजू फछ्र्यौट गर्ने सवुद, प्रमाण र काम गर्ने कर्मचारी सबै उपलब्ध हुने हुनाले शून्य बनाउनै पर्ने लक्ष्य तोकिएको छ

ग. वैदेशिक सहयोग अन्तर्गत सञ्चालित सोधभर्ना प्राप्त हुनुपर्ने योजना, सञ्चालन भै बन्द भैसकेको योजना र निकट भविष्यमा बन्द हुने योजनाहरुको सोधभर्ना प्राप्त हुनुपर्ने, योजना सञ्चालन भै बन्द भैसकेको योजना र निकट भविष्यमा बन्द हुने योजनाहरुको सोधभर्ना हुनुपर्ने हिसाव र रकमान्तर तथा श्रोतान्तर गर्नुपर्ने रकमको हिसाव शिघ्र मिलाउने व्यवस्था गर्ने ।

घ. गत वर्ष झै यस वर्ष पनि लेखापरीक्षण गराउन र वेरुजू फछ्र्यौटको कामलाई निरन्तर सुपरिवेक्षण, सहजीकरण, अभिलेख व्यवस्थापन गरी यस सम्वन्धी सबै काम गर्न यस मन्त्रालयमा वरिष्ठ (सहसचिव) को अध्यक्षतामा, आन्तरिक नियन्त्रण तथा लेखापरीक्षण समिति गठन भै सकेको छ । उक्त समितिले मन्त्रालय अन्तर्गतका निकायमा भइरहेको बेरुजू फछ्र्यौट सम्वन्धी कार्य मासिक रुपमा प्रगति समीक्षा गर्ने छ । समितिको कार्ययोजना र प्रगति समीक्षा वेरुजू फछ्र्यौट अनुगमन समिति, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय र संघीय संसद सार्वजनिक लेखा समितिलाई पनि उपलब्ध गराइने छ ।

ङ. मन्त्रालय अन्तर्गतका समिति तर्फको वेरुजु फछ्र्यौट कार्य अत्यन्त शिथिल देखिएको र अधिकांश निकायहरुले न्यूनतम लक्ष्य भन्दा पनि निकै कम मात्र फछ्र्यौट गरेको रेकर्डबाट पाइएकोले त्यस्ता निकायहरुले कडाइका साथ फछ्र्यौट गर्नुहुनेछ । कार्य प्रगतिको आधारमा पुरस्कार र दण्डको व्यवस्था हुनेछ ।

च. मातहत निकायहरुले बेरुजु फछ्र्यौट गर्ने कार्यलाई विशेष गम्भिरताका साथ अगाडि बढाउनु पर्ने भएकोले सो सँग सम्वन्धित पदाधिकारीहरुको बैठक महिनामा एकपल्ट अनिवार्य रुपमा बसी वेरुजु फछ्र्यौटको समीक्षा गर्ने ।सो समीक्षाको एक प्रति मन्त्रालयमा समेत उपलब्ध गराउने।

रोमकान्त काफ्ले
उपसचिव (लेखा)

विनोद प्रकाश सिंह
सचिव

६. नियमित गर्नुपर्ने बेरुजुको हकमा कार्ययोजना बनाई फछ्र्यौट गर्नेः मन्त्रालय तथा अन्तर्गत निकाय र समितिहरुले नियमित गर्नुपर्ने भनि औंल्याईएको बेरुजुको प्रमाण कागजात संकलन गरि कार्ययोजना तयार गरि नियमित गर्ने ।

७. पेश्की बेरुजु सम्बन्धमाः-

- खर्चको ठूलो रकम पेश्कीको रुपमा देखिएकोले पेश्की फछ्र्यौट कार्यलाई प्राथमिकतामा राखी आवश्यक व्यवस्था मिलाउने ।

८. **प्रत्येक महिनामा बेरुजू फछ्र्यौटको प्रगति प्रतिवेदन मन्त्रालयको आर्थिक प्रशासन शाखामा पठाउने ।**

९. **आ.ब.२०७९/८० को श्रेस्ता लेखापरीक्षणबाट बेरुजु शुन्य/न्यून राख्नुपर्ने । सो हुन नसकेमा कूल विनियोजनको बेरुजू अंक १ प्रतिशतमा सिमित राख्ने ।**

क लेखापरीक्षणबाट बेरुजू कायम भई फछ्र्यौट, सम्परीक्षण गराउनु भन्दा बेरुजु नै कायम नहुने गरी आर्थिक कारोवार गर्ने गराउने तर्फ सबै पदाधिकारी/कर्मचारी जिम्मेवार हुने ।

ख. खर्चमा मितव्ययिता कायम गर्न नेपाल सरकारले जारी गर्ने निर्देशिकाको कार्यान्वयन सहित आर्थिक अनुशानस कायम गर्न सबै विभाग तथा कार्यालयहरुले आन्तरिक नियन्त्रण कार्य निर्देशिका बनाई लागू गर्ने र सो को जानकारी यस मन्त्रालयमा उपलब्ध गराउने ।

ग. चालु वर्षको लेखापरीक्षणबाट उपरोक्त बमोजिम शून्य वा कम बेरुजू कायम गराउने तथा लक्ष्य अनुसार बेरुजू फछ्र्यौट गर्ने निकायहरुलाई धन्यवाद सहित नियमानुसार नगद पुरस्कार प्रदान गरिनेछ।

१०. बेरुजू फछ्र्यौटमा पुरस्कृत र कारवाही गर्नेः-

आर्थिक अनुशासन उल्लंघन गर्ने र तोकिए बमोजिम बेरुजू फछ्र्यौट नगर्ने कर्मचारीलाई आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ मा भएको व्यवस्था अनुसार कारवाही गर्ने गराउने र त्यसको जानकारी बेरुजू फछ्र्यौट अनुगमन समितिलाई पनि उपलब्ध गराउने ।

रोमाकान्त काफ्ले
उपसचिव (लेखा)

विनोद प्रकाश सिंह
सचिव

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

११. आ.ब.२०८०/८१ को बेरुजू फछ्र्यौटको कार्ययोजना:-

बेरुजू फछ्र्यौटको लागि देहाय अनुसारको लक्ष्य तोकि कार्य योजना बनाई कार्य गर्ने:-

| सि.नं. | कार्यतालिका | आ.ब.२०५९/६० सम्मको | आ.ब.२०६०/६१ देखि २०७८/७९ सम्मको | आ.ब. २०७९/८० को | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०८१ बैशाख सम्म | २० प्रतिशत | ३० प्रतिशत | ६० प्रतिशत | |
| २ | २०८१ आषाढ सम्म | ४० प्रतिशत | ७० प्रतिशत | १०० प्रतिशत | |

रमाकान्त काफ्ले
उपसचिव (लेखा)

विनोद प्रकाश सिंह
सचिव